नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, बझाङ

Website:-www.piubajhang.pmamp.gov.np
Email:pmamp.piu.bajhang@gmail.com
फो.नः ०९२-४२१३०४

प.सं. ०८२/८३
च.नं.

मितिः २०८२/०७/१८
ने.सं.११४६ कछलाथ्व चतुर्दशी

## सूचना नं. ०४
## दररेट पेश गर्ने सम्बन्धित सूचना
प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०७/१८

यस राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बझाङको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आलु/दलहन जोन क्षेत्रहरुमामा यस कार्यालयमा सूचिकृत भएका कृषि फर्म,समुह,कम्पनी,सहकारीहरुसँग अनुदान/लागत साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने र उक्त कार्यक्रमहरु सञ्चालनार्थ आवश्यक यन्त्र उपकारण तथा सामग्रीहरुको मूल्य सूची आवश्यक पर्ने भएकाले यस आर्थिक वर्ष भरि दरभाउ फरक नपर्ने गरि कृषिजन्य यन्त्र उपकारण तथा सामग्रीहरुको कारोवार गर्ने संस्थ/कम्पनी/विकेता/सप्लायर्सहरुले यस एकाइको वेभसाइड www.piubajhang.pmamp.gov.np बाट कृषि जन्य उपकरण तथा मूल्य सूची आवश्यक पर्ने फारम डाउनलोड गरि तपसिल बमोजिमको आवश्यक कागजात सहित आफूले उपलव्ध गराउन सक्ने सम्बन्धित सामग्रीहरुको स्पेसिफिकेशन र न्यूनतम दररेट सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मितिः२०८२/०८/०२ गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ बझाङ स्थित कार्यालयमा मूल्य सूची खामबन्दी गरी उपलव्ध गराउन हुन यो सूचना प्रकाशन गरिएको छ। पूनश्यः मूल्य सूची पेश गर्ने संस्था/कम्पनी/बिक्रेता/ सप्लायर्सहरु यस कार्यालयमा सूचीकृत भएको हुनुपर्ने छ वा सूचीकृत हुनको लागि पनि कागजात पेश गर्नु पर्नेछ

तपसिल

१. रु १० को हुलाक टिकट टाँस गरेको खामबन्दी दरभाउ पत्र।
२. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
३. संस्थाको प्यान/भ्याट प्रमाण पत्रको प्रतिलिपि।
४. आधिकारिक एजेन्ट/विक्रेताको प्रमाणपत्रको प्रतिलिपि।
५. आर्थिक वर्ष २०८१/०८२ को करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि।
६. कृषि यन्त्र उपकरणको स्पेसिफिकेशन खुल्ने Catalouge Leaflet आदि।
७. ईन्जिन अप्रेटिङ मेशिनहरुको ईन्जिन Test Report र Engine Performance Report बुझाउनु पर्ने।

नोटः दररेट पेश गरेका संस्थाहरुको स्पेसिफिकेशन भिडे/नभिडेको, यन्त्र उपकारण उपलव्ध भएको/नभएको स्थलगत अनुगमन पश्चात मात्र मूल्याङ्कनमा समाबेश गरिनेछ।

चरित्र नारायण यादव
कार्यालय प्रमुख

चरित्र नारायण यादव
कार्यालय प्रमुख

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औधोगिकीकरण"